# वालिङ नगरपालिका कार्यालय, स्याङजाको

## फोहर व्यवस्थापन सम्बन्धी प्रस्ताव आव्हानको सूचना !

**प्रथम पटक प्रकाशित मिति २०७१।४।२१ गते**

यस नगरपालिका क्षेत्रभित्र घरघरबाट श्रृजित हुने फोहरमैलालाई तत्काल व्यवस्थित रुपमा विसर्जन गर्न र दिर्घकालिन रुपमा वालिङ नगरपालिकालाई घरघरबाटै फोहर नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन निजी सार्वजनिक साझेदारी (PPP) को आधारमा नगरपालिकाले सहकार्य मार्फत कार्य अघि बढाउने निर्णय गरे बमोजिम इच्छुक फर्म, संघ–संस्था वा कम्पनीलाई तपसिलमा उल्लेखित विषयहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (अन्तिम दिन विदा परेमा त्यसको भोलीपल्ट) कार्यालय समयमा आई पुग्ने गरी प्रस्ताव पेश गर्नु हुन इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र दर्ता नभएका र प्रचलित कानून बमोजिम प्रकृया नपुगेका प्रस्ताव उपर कुनै कारवाही अगाडी बढाईने छैन । साथै प्रकृया पूरागरी पेश भएका प्रस्तावहरु उपर पनि पूर्णरुपमा स्वीकृत गर्ने वा नगर्ने एवं आंशिक रुपमा मात्र स्वीकृत गर्ने भन्ने पूर्णाधिकार यस नगरपालिकाको कार्यालयलाई सुरक्षित रहने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

१) प्रस्तावसंगसंगै फर्म, संघ–संस्था वा कम्पनीको बैधानिकताको प्रमाणपत्रको प्रतिलिपि, संचालित व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, पान वा भ्याट मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, विद्यानको प्रतिलिपि आदी ।

२) दैनिक संकलित फोहरलाई कुहिने र नकुहिने गरी विभाजन गर्ने र त्यसरी विभाजन गरी सकेपछि

क) कुहिनेको हकमाः तत्काल कम्पोष्ट मल बनाई व्यवसायीक रुपमा नै विक्रिवितरण गर्न सक्ने र दिर्घकालिन रुपमा घरघरमै कम्पोष्ट मल बनाउन सिकाई प्रयोगमा ल्याउन प्रेरित गरी घरबाटै कुहिने फोहर ननिस्कने वातावरण बनाउने कुरा उल्लेख भएकोहुनु पर्ने

ख) नकुहिनेको हकमाः तत्काल पूर्नःप्रयोगमा आउने खालका सामानहरु विक्रिवितरण गर्न सक्ने र दिर्घकालिन रुपमा घरमै छुट्टाएको नकुहिने फोहर सम्बन्धित घरबाट खरिद गरी संकलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा विक्रि वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने खालको कुरा उल्लेख भएको हुनु पर्ने ।

ग) यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाईसके पछि पनि कतै प्रयोग नहुने केही बांकी फोहरलाई नगरपालिकाले तोकेको क्षेत्र ल्याण्डफिल्ड साईड वा प्रस्तावकले तोकेको क्षेत्रमा समेत लगि वातावरण नखलवलिनेगरी व्यवस्थापन गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्ने ।

३) प्रस्तावकको प्रस्तावलाई सहयोग पुग्ने गरी हाल नगरपालिकाले फोहर व्यवस्थापन गर्न प्रयोग गर्दै आएको निम्न बमोजिमको आर्थिक तथा भौतिक स्रोतसाधनहरु मात्र प्रयोग गर्न सक्ने कुरा उल्लेख भएको हुनु पर्ने ।

क)    वालिङ नगरपालिका वडा नं. ८ मजुवामा रहेको पूर्णामृत भवानी उ.मा.वि.संग सम्झौता भए बमोजिमको करिव ३३ रोपनी जग्गा फोहर संकलन/ प्रशोधन केन्द्रको लागि प्रयोग गर्न सक्ने ।

ख)    हाल नगरपालिकामा रहेका र फोहर मैला व्यवस्थापनको लागि प्रयोग भएका स्रोतसाधनहरु ट्याक्टर –१, टिप्पर–१,सवारी चालक –१, कुचीकार –४ नगरपालिकाले उपलब्ध गराउन सक्ने र उल्लेखित स्रोत साधनहरुको पक्षिणकाल अवधि भरिको मर्मत संभार, ईन्धन खर्च र पारिश्रमिक नगरपालिकाले व्यहोर्न सक्ने तर परिक्षणकाल पछि ट्याक्टर –१ र टिप्पर–१ नगरपालिकाले उपलब्ध गराए पनि मानवीय स्रोत र तिनको पारिश्रमिक, सवारी साधनको मर्मत संभार तथा ईन्धन खर्च नगरपालिकाले उपलब्ध नगराई पनि स्वंय प्रस्तावकले व्यवस्थापन गर्न सक्ने खालको हुनु पर्ने ।

ग)    सुरुमा फोहर व्यवस्थापन गर्न केहि आर्थिक सहयोग पनि आवश्यक पर्ने हुदा न्यूनतम पूर्वाधार तयार गर्न जनचेतना जगाउन, तालिम संचालन गर्न र अन्य आवश्यक कार्य गर्न नगरपालिकाले कार्यक्रम हेरी एक मुष्ट वा किस्तावन्दीमा केही आर्थिक रकम सहयोग स्वरुप उपलब्ध गराउन सक्ने । तर त्यस्तो रकम चार अंक भित्र रहेर हुन सक्ने ।

४)    दफा ३ मा उल्लेखित स्रोतसाधन बाहेक न.पा.ले. अन्य कुनै पनि आर्थिक तथा भौतिक स्रोत साधनहरु उपलब्ध गराउने छैन । साथै प्रस्तावकले परिक्षणकालपछि आफैले आम्दानी तथा खर्चको व्यस्थापन गर्न सक्ने खालको हुनु पर्ने ।

५)    प्रस्तावकले फोहर व्यवस्थापन गर्दा विक्रि वितरणबाट गरेको आम्दानी उपर न.पा.ले. कुनै दावि गर्न नसक्ने र त्यस वापत नगरपालिकाले कुनै पनि कर शुल्क पनि नलिने सम्मको कुरा हुन सक्ने

६)    फोहर मैला व्यवस्थापन वापत घरघरबाट न.पा.ले उठाउने भनि गरेको प्रास्ताव बमोजिमको फोहरमैला व्यवस्थापन शुल्क नगरपालिका आफैले उठाउनु पर्ने । तर स्वीकृत प्रस्तावकसंग छुट्टै सम्झौता गरी त्यस्तो शुल्क प्रस्तावकले पनि उठाउन पाउन सक्ने । यसरी उठेको रकम नगरपालिकाको बार्षिक कार्यक्रममा समावेश गरी आयमा जनाईने र खर्च गर्दा पनि त्यसरी नै कार्यक्रम बनाई फोहर मैला व्यस्थापन क्षेत्रमा मात्र गर्न सक्ने सम्मका कुरा उल्लेख हुन पर्ने ।

७)    प्रस्ताव कार्यान्वयनको सिमा अवधी ४ (चार) वर्षको हुन सक्ने । तर वढिमा १ (एक) वर्षको परिक्षण कालहुन सक्ने । त्यसपछि पनि नगरपालिकालाई उपर्यूक्त लागेमा बढिमा ३/३ (तीन) वर्षको लागि म्याद थप गर्दै जान सक्ने खालको हुनु पर्ने ।

८)    फोहर संकलन केन्द्रसम्म जाने पूर्वाधार एवं आवश्यक अन्य निर्माण, मर्मत–संभार नगरपालिकाले गर्नु पर्ने तर फोहरमैला संकलन केन्द्र भित्र आवश्यकता अनुसारको संरचना निर्माण एवं मर्मत संभार प्रास्तावकले नै गर्नु पर्ने खालको हुनु पर्ने ।

९) उल्लेखित बमोजिमका प्रावधानहरुका अतिरिक्त समाजमा थप रोजगार सृजना गर्न सक्ने, व्यवसायिकता हासिल गर्न सक्ने, स्थानीय तहमै काम गरि रहेको र वातावरण क्षेत्रमा विशेष कार्य अनुभव भएका प्रास्तावकलाई विषेश प्राथमिकता दिन सकिने ।

१०) फोहर व्यवस्थापन सर्न्दभमा कुनै समस्या/विवाद उत्पन्न भएमा प्रस्तावक र न.पा. छुट्ट छुट्टै वा संयूक्त रुपमा मिलेर समस्याको समाधन तर्फ पहल गर्न सकिने खालको कुरा उल्लेख भएको हुनु पर्ने ।

११) फोहरमैला संकलन/प्रशोधन केन्द्रको लागि नगरपालिकाले तोकेको जग्गा वा क्षेत्र बाहेक अन्यत्र प्रयोग गर्न पाईने छैन । तर प्रस्तावक आफैले जग्गा व्यवस्थापन गरी पायक पर्ने स्थानमा प्रयोग गर्न चाहेमा त्यो गर्न सक्ने । त्यसरी प्रयोग गरेबाट आउन सक्ने समस्याको जवाफदेही भने स्वंम प्रस्तावक नै हुने कुरा समेत उल्लेख भएको हुनु पर्ने । आवश्यक परेमा नगरपालिकाले त्यस्तोमा सहजीकरण भने गर्न सक्ने ।

१२) स्वीकृत प्रस्तावकसंग सम्झौता गरेपछि सम्झौतामा उल्लेखित भएको कूरा सोही अनुसार र सम्झौतामा उल्लेख नभएका कूरा प्रचलित ऐन कानून अनुसार हुने कुरा उल्लेख भएको हुनु पर्ने ।